# नीति अनुसन्धान प्रतिष्ठान
# Policy Research Institute
(नेपाल सरकारको विशेषज्ञ समूह)


प.सं. :–
च.नं. :–

मिति :– २०८२ भदौ १२

## "नीति सम्मान २०८२" छनोट प्रक्रियामा सामेल हुन संघ-संस्थाहरूलाई आह्वान

नेपालको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, सुरक्षा, परराष्ट्रसम्वन्ध, वातावरण तथा जलवायु परिवर्तन, विज्ञान तथा प्रविधि, सुशासन, समृद्धि, मानवकल्याण र जीविकोपार्जन लगायत नीतिगत महत्त्वका विभिन्न पक्षहरूमाथि अध्ययन, अनुसन्धान र विश्लेषणगरी नीति-सुधार, नीति नवप्रवर्तन तथा नीति निर्माणका लागि नेपाल सरकारलाई तथ्यमा आधारित नीति सिफारिस गर्न गठित नीति अनुसन्धान प्रतिष्ठानले नीति सम्मान पुरस्कारको स्थापना गरेको छ । यो पुरस्कार प्रत्येक वर्ष प्रतिष्ठानको वार्षिकोत्सवका दिन प्रदान गरिँदै आएको छ । यसै सन्दर्भमा, आगामी २०८२ असोज १० गते प्रतिष्ठानले आफ्नो स्थापनाको सातौं वार्षिकोत्सवको अवसरमा नीति-अनुसन्धान मार्फत देशको नीति सुधार र नीति प्रवर्द्धनमा योगदान पुऱ्याएका संस्थाहरूमध्येबाट उत्कृष्ठ एक संस्थालाई सम्मान गर्ने कार्यक्रम रहेको छ ।

यही परिप्रेक्ष्यमा, नीति निर्माण, नीति अध्ययन तथा अनुसन्धान, नीति पक्ष-पोषण, नीति सुधार, नीति नवप्रवर्तन तथा नीति समीक्षाका क्षेत्रमा कार्यरत संस्थाहरुलाई नीति सम्मान छनोट प्रक्रियामा सामेल हुन हार्दिक अनुरोध गरिन्छ । यस प्रक्रियामा सामेल हुने संस्थाहरू नीति अनुसन्धानको क्षेत्रमा कम्तिमा पाँच वर्षदेखि उल्लेख्य योगदान गरिरहेको र वैधानिकता प्राप्त हुनुपर्नेछ । यस प्रक्रियामा सामेल हुन चाहने संस्था स्वयम् वा योग्य संस्था बारेमा अन्य व्यक्ति वा संस्थाले सूचकको रूपमा पनि नीति सम्मानका लागि सिफारिस गर्न सक्नेछन् । छनोटका अन्य आधारहरू निम्नानुसार रहेका छन् :

| क्र.स. | छनोटका आधार |
|---|---|
| १. | नेपालको सामाजिक, आर्थिक तथा वातावरणीय लगायतका विषयमा नीति अनुसन्धान |
| २. | नीतिको सान्दर्भिकता र प्रभाव |
| ३. | संगठनात्मक क्षमता र दिगोपना |
| ४. | नीति प्रकाशन, नीति प्रवर्धन र सम्प्रेषण |
| ५. | नैतिकता, पारदर्शिता र जवाफदेहिता |

आवेदनका साथ संलग्न गर्नुपर्ने आवश्यक कागजात र सामग्रीहरू निम्नानुसार छन्:

१. नीति सम्मानका लागि संस्था योग्य भएको पुष्टि हुने प्रयाप्त आधार खुलाइएको विवरण


नारायणहिटी, काठमाडौं, नेपाल
फोन: ००९७७-१-४५३०५१७/४५३४९७९
Narayanhiti, Kathmandu, Nepal
Tel: 00977-1- 4530517, 4534979
Email: info@pri.gov.np
Website: www.pri.gov.np

२. नेपालको विद्यमान नीति सम्बन्धमा गरिएको अनुसन्धानले समेटेको विषय, अनुसन्धान गर्न अपनाइएको विधि, अनुसन्धानका आधारमा सिर्जित नीति सिफारिस र सिफारिसको परिणाम (नीति सुधार, नीति विमर्श/साइटेशन या नयाँ नीतिको निर्माण) खुल्ने गरी तयार गरिएको सार-सङ्क्षेप ( ३ पृष्ठमा नबढाई)
३. सिफारिस गरिएको संस्थाको अनुसन्धान प्रतिवेदनका विवरण/प्रकाशन तथा अनुसन्धानका बारेमा बताउन सक्ने रेफरीको नाम र ठेगानासहितको सूचकको वैयक्तिक विवरण (सीभी)
४. सिफारिस गरिएको संस्थाको विवरण र प्रोफाइल झल्काउने प्रकाशन र वेबसाइटको लिङ्क
५. नीति सम्मानका लागि योग्य संस्था बारेमा जानकारी दिने सूचकले आफ्नो नाम र ठेगानासहितको वैयक्तिक विवरण (सीभी) पेश गर्नुपर्नेछ ।

निवेदनका साथ प्रकाशित छनोटका आधार अनुसारका सम्बन्धित कागजात र सामग्रीहरू नीति अनुसन्धान प्रतिष्ठानको कार्यालयमा संस्थाको प्रतिनिधि आफैं वा सिफारिस गरिएको हकमा सूचक आफैं उपस्थित भई वा इमेल: info@pri.gov.np मार्फत २०८२ भदौ २० गते (तदनुसार September 05, 2025) कार्यालय समयभित्र बुझाइसक्नुपर्ने छ ।

यो सूचना प्रतिष्ठानको वेबसाइट www.pri.gov.np मा पनि उपलब्ध छ ।

**सम्पर्कको लागि**

नीति अनुसन्धान प्रतिष्ठान, नारायणहिटी, काठमाडौं ।
फोन: ०१-४५३४९७९/४४३०५१७
इमेल: info@pri.gov.np

नीति सम्मान २०८२ सिफारिस समिति
नीति अनुसन्धान प्रतिष्ठान